# विशेष अदालत

## काठमाडौँ




# वार्षिक प्रतिवेदन

## आ.व.२०७८/७९

# प्रारम्भ

नेपालमा विशेष अदालतको स्थापना नेपाल विशेष अदालत ऐन, २०१३ अन्तर्गत भई विशिष्टिकृत अदालतको रूपमा खास किसिमका मुद्दाहरूको कारवाही र किनारा गर्दै आइरहेकोमा विशेष विशेष अदालतको गठन र अधिकार क्षेत्रमा समयसापेक्ष रुपमा परिवर्तन हुँदै आएको पाइन्छ। नेपालको संविधानको धारा १२६ मा नेपालको न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने र धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न सङ्घीय कानूनद्वारा अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण स्थापना गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ।

विशेष अदालत ऐन, २०५९ मा न्याय परिषद्को परामर्शमा आवश्यक सदस्य रहेको विशेष अदालत गठन गर्न सक्ने व्यवस्था छ, सोही व्यवस्थाबमोजिम नेपाल सरकारले २०५९ भाद्र ६ गते राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतको स्थापना गरेको हो। हाल यस अदालतले भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाहरूको शुरू कारवाही र किनारा गर्दै वित्तीय तथा न्यायिक सुशासन कायम गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

सम्मानित सर्वोच्च अदालतबाट निर्धारित ढाँचाअनुरुप कार्यसम्पादनसम्बन्धी विवरण, मुद्दाको लगत, फछ्र्यौट र बाँकीको अवस्था, वित्तीय अवस्था, भौतिक स्रोत साधन तथा मौजुदा जनशक्तिसमेतको विवरण समेटिएको प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत प्रतिवेदन यस अदालतबाट वर्षभरिमा भए गरिएका गतिविधि तथा भोग्नुपरेका समस्या र चुनौती उजागर गर्ने दर्पणको रुपमा समेत रहेको छ।

"**न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता**" भन्ने न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको मूल नारालाई आत्मसात् गर्दै उपलब्ध स्रोत साधन, सूचना प्रविधिको उच्चतम् प्रयोग र छिटोछरितो एवम् प्रभावकारी सेवाप्रवाहमार्फत न्यायमा सहज पहुँच अभिवृद्धि गर्दै न्यायिक सुशासनद्वारा समग्रमा न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्न विशेष अदालत सफल हुनेछ भन्ने कुरामा यस अदालत परिवार विश्वस्त रहँदै प्रस्तुत प्रतिवेदन सम्मानित सर्वोच्च अदालतसमक्ष पेस गरिएको छ।

**विशेष अदालत, काठमाडौं**
**साउन, २०७९**

# विषय सूची


१. विषय प्रवेश........................................................................................१

२. विशेष अदालतको अधिकारक्षेत्र...........................................................................१

३. अदालतको स्थिति र कार्य सम्पादनको अवस्था..............................................२

३.२ निवेदन, प्रतिवेदन तथा फुटकर निवेदनहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण............... ३

३.३ फैसला तयारी सम्बन्धी इजलासगत विवरण ................................................ ३

३.४ थुनुवा मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण ........................................ ४

३.५ मुद्दामा अङ्ग पुऱ्याउने कार्यको विवरण ...................................................... ४

३.६ मिसिलको आन्तरिक निरीक्षणको विवरण.................................................... ४

३.७ अभिलेख सम्बन्धी विवरण ..................................................................... ४

३.८ जनशक्तिको अवस्था...........................................................................५

४. आ.व. २०७८/७९ मा सम्पादित कार्यको मुख्य मुख्य विवरणः ..................................५

५. सरोकारवालाहरूसँगको अन्तरक्रिया........................................................................६

६. वडापत्र, सुशासन, गुनासो व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारीता ...................................७

७. अभिलेख व्यवस्थापन, लिलाम प्रकिया र लगत अनुगमन ............................................ ८

८. मुद्दाको कामकारवाही प्रक्रियामा सूचना प्रविधिको प्रयोग ............................................ ८

९. क्षमता विकास तालिम र सेवा उपयोगी प्रवचन.........................................................९

१०. बजेट विनियोजन निकासा र खर्चको विवरण ..................................................१०

११.समस्या, चुनौती र अवसरहरू ...............................................................................१०

भाग - २ ............................................................................................. ११

अनुसूची-१ .......................................................................................... ११

निर्धारित फाराम बमोजिमको विवरणहरू................................................................ ११

# भाग-१

## १. विषय प्रवेश

नेपालको संविधानको धारा १२६ मा नेपालको न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने र धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न सङ्घीय कानूनद्वारा अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण स्थापना गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। खास किसिमका मुद्दाको कारवाही र किनारा छिटो, छरितो र प्रभावकारी रुपमा गर्न नेपालमा वि.स. २०१३ सालदेखि नै विशेष अदालतको स्थापना भएको देखिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको संवैधानिक व्यवस्था बमोजिम विशेष अदालत ऐन, २०५९ को दफा ३ मा भएको व्यवस्था अनुसार नेपाल सरकारले २०५९ साल भदौ ६ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विशेष अदालतको गठन र क्षेत्राधिकार तोकेको पाइन्छ। मुद्दाको कारवाही र किनारा छिटो, छरितो रूपमा गरी प्रभावकारी न्याय सम्पादन गर्न न्याय परिषद्को परामर्शमा आवश्यक सदस्य रहेको विशेष अदालतको गठन गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। सोही ऐनको कानूनी व्यवस्थाबमोजिम विशेष अदालतको गठन भई कार्य सञ्चालन हुँदै आएको छ।

## २. विशेष अदालतको अधिकारक्षेत्र

विशेष अदालतको मुद्दा हेर्ने अधिकारक्षेत्र विशेष अदालत ऐन, २०५९ को दफा ६ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। सो अनुरुप मिति २०५९।०५।०६ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत दायर हुने मुद्दा हेर्ने क्षेत्राधिकार तोकेको पाइन्छ। साथै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको मुद्दा विशेष अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने गरी नेपाल सरकारले मिति २०६६।०२।११ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको छ। मुलुकी अपराध संहिता, २०७४ लागू भएपश्चात् राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ खारेज भएको छ। हाल विशेष अदालतको विद्यमान क्षेत्राधिकार अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमका देशभरका मुद्दाहरू यस अदालतमा दायर हुने गरेका छन्।

## ३. अदालतको स्थिति र कार्य सम्पादनको अवस्था

आर्थिक वर्ष २०७८/७९ मा यस अदालतको भौतिक पूर्वाधार, साधन स्रोत, जनशक्तिको अवस्था, आर्थिक स्थिति एवम् यस अदालतबाट सम्पादित कार्यहरूको विवरणलाई वार्षिक प्रतिवेदन पेस गर्ने प्रयोजनका लागि सम्मानित सर्वोच्च अदालतबाट निर्धारण गरिएका फाराम नं. १ देखि २० सम्मका विषयगत फारामहरूमा उल्लिखित विवरणहरू तत्सम्बन्धी फारामहरूमा प्रविष्ट गरी उक्त फारामहरूलाई अनुसूचीमा समावेश गरी सो अनुरुपको सङ्क्षिप्त बेहोरा शीर्षकगत रुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

### ३.१ मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण

आर्थिक वर्ष २०७८/७९ मा गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ६५७ र यस आर्थिक वर्षमा दर्ता भएका १३५ गरी जम्मा लगत ७९२ थान रहेकोमा सो मध्ये ३३९ थान फछ्र्यौट भई ४५३ थान मुद्दा बाँकी रहेको देखिन्छ। वार्षिक फछ्र्यौट हुनुपर्ने सङ्ख्या ८३९ रहेकोमा जम्मा लगत ७९२ को ३३९ थान मुद्दा फछ्र्यौट भई ४२.८०% प्रगति भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. १ मा दिइएको छ । यस आर्थिक वर्षको कार्य सम्पादनको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**मुद्दाको लगत, फछ्र्यौट र बाँकी**

| सि.नं. | विषय | लगत | | | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | |
| १ | गैरकानूनी सम्पती आर्जन | ३२ | ७ | ३९ | ५ | ३४ |
| २ | निर्णयगत (अनियमितता) | २२० | ८७ | ३०७ | ४२ | २६५ |
| ३ | नक्कली प्रमाणपत्र | ६४ | ६ | ७० | ३० | ४० |
| ४ | घुस/रिसवत | ३१३ | ३२ | ३४५ | २५९ | ८६ |
| ५ | सम्पत्ति शुद्धीकरण | २७ | ३ | ३० | २ | २८ |
| ७ | पुनरावेदन | १ | ० | १ | १ | ० |
| **जम्मा** | | **६५७** | **१३५** | **७९२** | **३३९** | **४५३** |

### ३.१.क मुद्दाको लगत, फछ्र्यौट र बाँकीको पाँच आर्थिक वर्षको तुलनात्मक अवस्था

विशेष अदालतको विगत ५ आर्थिक वर्षको कार्यसम्पादनको अवस्थालाई समष्टिगत रुपमा यस प्रकार व्यक्त गर्न सकिन्छ।

**तालिका नं. २**

तुलनात्मक अवस्था

| क्र.सं. | आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | लक्ष्य अनुसारको फछ्र्यौट प्रगति (प्रतिशतमा) | बाँकी |
|---|---|---|---|---|---|---|
| १. | २०७४/७५ | ४२९ | २८२ | १७६ | ६२.४१% | २५३ |
| २. | २०७५/७६ | ६२३ | २७० | २३० | ८५.१८% | ३९३ |
| ३. | २०७६/७७ | ८४३ | २३१ | १७८ | ७७.०५% | ६६५ |
| ४. | २०७७/७८ | ७९२ | ८६० | १३५ | १५.७% | ६५७ |
| ५. | २०७८/७९ | ७९२ | ८३९ | ३३९ | ४२.८०% | ४५३ |

## ३.२ निवेदन, प्रतिवेदन तथा फुटकर निवेदनहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण

आ.व.२०७८/७९ मा उपस्थित हुने निवेदन ५०४ थान र अन्य निवेदनहरू २३३ थान गरी जम्मा दर्ता ७३७ भएकोमा १ महिनभित्रै फछ्र्यौट भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. २ मा दिइएको छ ।

## ३.३ फैसला तयारी सम्बन्धी इजलासगत विवरण

यस अदालतमा इजलास नं. १ र इजलास नं. २ गरी २ वटा इजलास नियमित रुपमा सञ्चालनमा रहेका छन्। यस आ.व.२०७८/७९ मा इजलास नं. १ बाट जिम्मेवारीसहित २२४ थान फैसला भएकोमा २०७९ असार मसान्तसम्म १४१ थान फैसला तयार भई ८३ थान मात्र फैसला तयार हुन बाँकी रहेको देखिन्छ। इजलास नं. २ बाट जिम्मेवारीसहित १२० थान फैसला भएकोमा २०७९ साल असार मसान्तसम्म ६० थान फैसला तयार भई ५५ थान मात्र फैसला तयार हुन बाँकी रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. ७ मा दिइएको छ ।

### ३.४ थुनुवा मुद्दाको लगत,फछ्र्यौट र बाँकीको विवरण

यस आ.व.मा थुनुवा मुद्दाको जम्मा लगत २५ थान रहेकोमा ८ थान फछ्र्यौट भई १७ थान मुद्दा बाँकी रहेका छन् भने जम्मा थुनुवा प्रतिवादीहरूको सङ्ख्या २५ रहेको छ। थुनुवाहरू मध्ये ६जना विदेशी बालिग र १८ जना स्वदेशी बालिग रहेका छन्। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. ८ मा दिइएको छ ।

### ३.५ मुद्दामा अङ्ग पुऱ्याउने कार्यको विवरण

यस आर्थिक वर्षमा कायम भएको जम्मा लगत ७९२ मध्ये ६४१ थान मुद्दामा अङ्ग पुगेको देखिन्छ। यो जम्मा दर्ता भएको लगतको तुलनामा ८०.९३ प्रतिशत हुन आउँछ। यस सम्बन्धी विस्तृत विवरण विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. ९ मा दिइएको छ। मुद्दामा अङ्ग पुऱ्याउने भएको कार्य प्रगतिलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

<u>तालिका नं. ३</u>

मुद्दाको अङ्ग पुगेको विवरण

| यस आ.व. को जम्मा लगत | प्रगति | वास्तविक लगतको आधारमा प्रगति प्रतिशत |
|---|---|---|
| ७९२ | ६४१ | ८०.९३ % |

### ३.६ मिसिलको आन्तरिक निरीक्षणको विवरण

यस आ.व. २०७८/७९ मा जम्मा ९३० थान मुद्दाको आन्तरिक निरीक्षण गर्ने लक्ष्य वार्षिक योजनाले लिएकोमा ६४० थान मुद्दाको आन्तरिक निरीक्षण कार्य सम्पन्न भएको छ। यस सम्बन्धी विस्तृत विवरण विवरण अनुसूची-१ अन्तर्गत फाराम नं. १० मा दिइएको छ ।

### ३.७ अभिलेख सम्बन्धी विवरण

यस आ.व.२०७८/७९ सम्ममा यस अदालतको अभिलेख शाखामा दर्ता भएको मिसिल सङ्ख्या (दर्ता मिति २०५७।११।११ देखि २०७९।०३।३१ सम्म) ३३६६ रहेको र जसमध्ये गत वर्षसम्मको ३३६६ थान र यस वर्षमा थप भएको २०० थान रहेको छ। दर्ता रहेका ३३६६ थान मिसिल मध्ये १५७० थान कम्प्युटरमा प्रविष्ट गरिएको छ भने १७९६ थान कम्प्युटरमा प्रविष्ट गर्न बाँकी रहेका छन् । जम्मा मिसिल मध्ये ३००० मिसिल दराजमा राखिएको छ भने

३६६ थान मिसिल दराज बाहिर नै राखिएको छ। दराज राख्ने स्थानको अभाव रहेकोले अभिलेख कोठामा नै सुरक्षित रुपमा मिसिल चाङ लगाएर राखिएको अवस्था रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१ अन्तर्गत फाराम नं.१८ मा दिइएको छ ।

## ३.८ जनशक्तिको अवस्था

आ.व. २०७८/७९ मा यस अदालतमा अध्यक्ष माननीय न्यायाधीश एक र सदस्य माननीय न्यायाधीशहरू पाँच गरी जम्मा ६ जना माननीय न्यायाधीशज्यूहरू कार्यरत रहनु भएको अवस्था छ। उच्च अदालतमा कार्यरत न्यायाधीशज्यूहरू मध्येबाट यस अदालतका अध्यक्ष तथा सदस्य तोकिने व्यवस्था रहेको छ। आ.व.२०७७/७८ देखि नै लागू हुने गरी स्थायी दरबन्दी ४९ कायम भएको छ। यस सम्बन्धी विस्तृत विवरण फाराम नं. २० मा दिइएको छ ।

# ४. आ.व. २०७८/७९ मा सम्पादित कार्यको मुख्य मुख्य विवरणः

### (क) विशेष अदालतको स्मारिका र विशेषाङ्क प्रकाशन

विशेष अदालतको काम कारवाहीलाई आगामी दिनमा थप प्रभावकारी बनाउने र संस्थागत सन्दर्भ र वस्तुस्थिति झल्किने गरी अनुभवजन्य लेख रचनाहरू समेटेर विशेष अदालतको स्मारिका/विशेषाङ्क प्रकाशनको कार्य सम्पन्न भएको छ। स्मारिका/विशेषाङ्कमा यस अदालतबाट भएका केही महत्वपूर्ण फैसलाहरूसमेत समावेश गरिएको छ।

### (ख) भौतिक पूर्वाधार

तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०६१।०९।१२ को निर्णयानुसार प्राप्त भवनबाट विशेष अदालत हालसम्म सञ्चालित छ। मुद्दाको प्रकृति र प्रतिवादीको सङ्ख्यासमेतको बढ्दो कार्यचाप र उपलब्ध भवनबीच सामञ्जस्यता नहुँदा सेवाप्रवाह र कार्यालय व्यवस्थापनमा असहजता भैरहेको आवश्यकतालाई सम्बोधन गर्न मिति २०७८ वैशाख १५ गते प्रारम्भ भएको Special Court Annex Building बहुवर्षे निर्माण कार्य मिति २०७९।२।२५ मा सम्पन्न भएको छ। सो भवनमा बैठकहल, पुस्तकालय, कमन चेम्बर, सरकारी वकिलको प्रतीक्षा कक्ष, विशेष अदालत वार एसोसिएसन, एउटा इजलास र सो इजलासमा कार्यरत इजलास अधिकृतको कार्यकक्ष रहने व्यवस्था गरिएको छ। विशेष अदालतका नाममा उपयुक्त जग्गा प्राप्तिका लागि निरन्तर पहल भैरहेको छ।

### (ग) वैतनिक वकिल र कानूनी सहायता

वैतनिक कानून व्यवसायीको नियुक्तिको लागि सर्वोच्च अदालतमा पत्राचार गरिएको छ। स्वेच्छिक कानून व्यवसायी (प्रोबोनो) को सूची वारबाट लिई इजलास र सर्वसाधारणको जानकारी हुने स्थानमा टाँस्ने कार्य निरन्तर छ।

### (घ) विशेष अदालत नियमावली

मिति २०७९ साल जेठ १३ गते बसेको विशेष अदातलका माननीय न्यायाधीशहरूको पूर्ण बैठकले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रस्तावित विशेष अदालत नियमावली, २०७७ को मस्यौदा हालसम्म लागू भई नसकेको र अनलाइन तारेख, विशेषज्ञ सेवा समेतका बदलिएको परिस्थितिमा उक्त मस्यौदाको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्न सदस्य माननीय न्यायाधीश श्री बलभद्र बाँस्तोलाज्यूको संयोजकत्वमा गठित मस्यौदा परिमार्जन समितिले पेस गरेको परिमार्जनको प्रस्तावलाई यस अदालतको मिति २०७९।०२।२७ को पूर्ण बैठकको निर्णयानुसार सर्वोच्च अदालतमा पेस गरिएको छ।

## ५. सरोकारवालाहरूसँगको अन्तरक्रिया

सरोकारवालाहरूको राय सुझाव लिई यस अदालतका कामकारवाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस आर्थिक वर्षमा निम्नबमोजिम अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन।

**(क)** मिति २०७८।१२।०४ मा नेपाल वार एसोसिएसनका पूर्व पदाधिकारी, विशेष अदालत वार एसोसिएसनका पदाधिकारी, विशेष सरकारी वकिल कार्यालयका प्रतिनिधिहरूसँग विशेष अदालतका पुराना मुद्दाको व्यवस्थापन, अनलाइन तारेख प्रणालीको आवश्यकता सम्बन्धमा छलफल भएको थियो।

**(ख)** मिति २०७८।१२।०७ मा माननीय न्यायाधीशज्यूहरू, कर्मचारीहरू तथा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष एवम् सदस्य सचिव र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिनिधि समेतको उपस्थितिमा छलफल भई नक्कली प्रमाणपत्र मुद्दामा अदालतको आदेश बमोजिमको कार्यान्वयन छिटो छरितो गर्ने गराउने सम्बन्धमा छलफल भएको छ।

**(ग)** विशेष अदालतको कामकारवाहीसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू विशेष सरकारी वकिल कार्यालय र विशेष अदालत वार एसोसिएसनसँग मिति २०७९ वैशाख २१ गते पेसी व्यवस्थापनको सन्दर्भमा पेसी व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

**(घ)** सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँग अन्तरक्रिया सम्पन्न भएको छ ।

**(ङ)** अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँगको अन्तरक्रिया सम्पन्न भएको छ।

**(च)** पत्रकारसँगको अन्तरक्रिया सम्पन्न भएको छ ।

**(छ)** कर्मचारीबीच मासिक बैठक, आवधिक समीक्षा लगायतका नियमित कार्यसम्पादनका विविध आयामहरूमा परिमार्जन र परिष्कृत सेवाप्रवाहका लागि सामूहिक कार्यप्रणाली अवलम्बन गरिएको छ।

**(ज)** वार्षिक कार्ययोजनामा निर्धारित कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गरिएको छ।

## ६. वडापत्र, सुशासन, गुनासो व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारीता

(क) सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने सूचक तथा समयसारणीसमेत उल्लेख गरी नागरिक बडापत्रको कार्यान्वयन गरिएको छ।

**(ख)** राजश्व एवम् न्यायिक दस्तुर संकलन गर्ने कार्यलाई बैङ्किङ प्रणालीमा आवद्ध गरी आर्थिक सुशासन प्रवर्द्धनमा जोड दिइएको छ।

**(ग)** हरेक महिना खर्चको विवरण, स्टाफ मिटिङ एवम् वेवसाईट मार्फत सार्वजनिक गरिएको छ।

**(घ)** अदालतका सम्बन्धमा सेवाग्राहीले वारम्बार सोधिने प्रश्नहरू समेटेर यस अदालतको वेवसाइटमा FAQs प्रकाशन गरिएको छ।

**(ङ)** असक्षम र असमर्थ पक्षलाई अदालतमा पेस गर्ने निवेदन लगायतका लिखत तयार गर्न अदालतबाट सहजीकरण गर्ने गरिएको छ।

**(च)** मिति २०७७।०५।२५ बाट सेवाग्राही सर्भेक्षण प्रश्नावली लागू गरी सेवाग्राहीका गुनासा, पीरमर्का एवम् सुझावहरू सम्बोधन गर्ने कार्यारम्भ भएको छ। चालु आर्थिक वर्षमा जम्मा ५३६ जना सेवाग्राहीहरू प्रश्नावली भरी सर्भेक्षणमा सहभागी हुनुभएको छ। जसमध्ये ४५ प्रतिशत सेवाग्राहीले आफूले पाएको सेवा प्रति **'धेरै राम्रो'** प्रतिकृया व्यक्त गर्नुभएको छ। **'राम्रो'** प्रतिक्रिया दिने ४० प्रतिशत र **'ठिकै'** प्रतिक्रिया व्यक्त गर्ने सेवाग्राहीहरू १५ प्रतिशत रहनु भएको छ।

**(छ)** अदालतका निर्णय, फैसला एवम् क्रियाकलापहरू विद्युतीय माध्यमबाट नियमित सार्वजनिक गरिएको छ।

**(ज)** सञ्चार संस्था र सञ्चारकर्मीबाट माग गरिने सूचना एवम् जानकारीहरू अदालतका प्रवक्ता (उपरजिस्ट्रार) मार्फत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

**(झ)** गुनासो सुन्ने व्यवस्था सुनिश्चित गर्न गुनासो पेटिकाको प्रबन्ध गरिएको छ। उक्त गुनासो पेटिकालाई हरेक २ महिनामा खोल्ने र आवश्यकता अनुसार सम्बोधन गर्ने कामलाई नियमित गरिएको छ।

**(ञ)** प्रवेश गर्दा सेवाग्राहीको कामको जानकारी लिई कामको प्रकृति अनुसार सहायता गर्न इन्टर्न तथा कर्मचारीको व्यवस्था मिलाइएको छ। सेवाग्राहीलाई सेवा प्राप्तिमा सहज होस भन्ने उद्देश्यले पहिलोपल्ट हाजिर हुन आउनेलाई रातो, तारेख समेतका मुद्दाको नियमित कामकारवाहीमा आउनेलाई हरियो र भेटघाटका लागि आउने सेवाग्राहीलाई पहेलो प्रवेश पासको व्यवस्था गरिएको छ।

(ट) मुद्दाका फायलको रङ्गबाट नै मुद्दा चिनियोस् भन्ने उद्देश्यले घुस रिसवत मुद्दामा रातो, सम्पत्तिका मुद्दामा हरियो र निर्णयगत मुद्दामा निलो रङको फायल प्रयोग गर्ने गरी छपाई गरी सोबमोजिम कार्यान्वयनमा ल्याइएको छ।

(ठ) सेवाग्राहीका लागि तातो चिसो पिउने शुद्ध पानीको प्रबन्ध गरिएको छ।

(ड) कोरोना महामारीको जोखिम न्यूनीकरण गर्न निर्धारित मापदण्ड पालना गर्ने गराउन कार्ययोजना कार्यान्वयनमा लयाइएको छ।

## ७. अभिलेख व्यवस्थापन, लिलाम प्रकिया र लगत अनुगमन

(क) अभिलेख शाखामा हालसम्म प्राप्त कूल ३३६६ थान मुद्दाका मिसिलहरू मध्ये १५७० थान मिसिलहरू विद्युतीय माध्यममा प्रविष्ट गरिएको छ। अभिलेख शाखामा रहेका यस आ.व.मा ७ थान मिसिल कागजातहरू कानूनबमोजिम धुल्याउने कार्य सम्पन्न भएको छ।

(ख) मिसिल अभिलेखको Digitalize गर्नेतर्फ पूर्वाधार निर्माण गरिएको छ। मुद्दाको अभिलेखलाई व्यवस्थित गरी खोजेको बखत तत्काल मिसिल भेटिने गरी अभिलेखको छुट्टै सफ्टवेयर निर्माण गरी कार्य सम्पन्न भई हाल परीक्षणमा रहेको छ।

(ग) मुद्दामा दसीको रूपमा प्राप्त भएका सवारी साधनहरूको लिलाम गर्ने कार्य गरिएको छ र बाँकी सवारी साधनहरू कसूरजन्य सम्पति व्यवस्थापन विभागसँग लिलामी प्रक्रियामा लैजान आवश्यक समन्वय गरिएको छ।

(घ) फैसला कार्यान्वयन निर्देशनालयबाट फैसलाबमोजिम सदर स्याहा गर्नुपर्ने धरौटी रकम सदर स्याहा गरिएको छ। जफत गर्नुपर्ने चल अचलसम्पत्ति जफत भए नभएका सम्बन्धमा मिसिल र लगत भिडाई अध्यावधिक गर्न लगत अनुगमनको कार्यलाई निरन्तरता दिइएको छ।

## ८. मुद्दाको कामकारवाही प्रक्रियामा सूचना प्रविधिको प्रयोग

(क) मुद्दाको कामकारवाहीको प्रक्रियामा सूचना प्रविधिको प्रयोगमार्फत न्यायसम्पादन र सेवा प्रवाहलाई पहुँचयोग्य, सरल र प्रभावकारी बनाउने कार्यलाई विशेष अदालतले प्राथमिकतामा राखेको छ। अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ बमोजिम श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार तयार गरी कार्यन्वयन गरिएको छ ।

(ख) विशेष अदालतको मिति २०७९।१२।१३ को निर्णयानुसार मुद्दाका पक्षलाई सहजताको लागि आफूलाई पायक पर्ने जिल्ला तथा उच्च अदालतहरूबाट सूचना प्रविधिको प्रयोग (Online) बाट तारेख लिन पाउने पूर्वाधार निर्माण गरी मिति २०७९ वैशाखदेखि कार्यान्वयन गरिएको छ।

(ग) मुद्दाका कामकारवाहीलाई Digitalize गर्ने उद्देश्यले मुद्दा दर्ता भएदेखिका हरेक चरणमा हुने आदेश लगायतका कामकारवाहीको Softcopy अपलोड गर्ने र मुद्दाको Digital File सृजना गर्ने

सफ्टवेयर निर्माण गरी नयाँ दर्ता भएका मुद्दाको आरोपपत्र Scanning गर्ने कार्यप्रारम्भ भएको छ।

**(घ)** सर्वोच्च अदालतसँग समन्वय गरी यस अदालतको सफ्टवेयर Integration को काम सम्पन्न भएको छ।

**(ङ)** विद्युतीय माध्यमबाट माननीय न्यायाधीश र कर्मचारीहरूको SOCIAL NETWORKING SYSTEM (SNS) तहगत ग्रुप बनाई दैनिक रुपमा आफ्नो शाखा र फाँटबाट सम्पादन भएका कार्यहरूबारे जानकारी गर्ने गराउने व्यवस्था मिलाइएको छ।

**(च)** सेवाग्राहीलाई लक्षित गरी (Free Wi-Fi) निशुल्क इन्टरनेट सुविधाको व्यवस्था मिलाइएको छ र आन्तरिक सेवा दुरुस्त गर्न इन्टरनेटको क्षमतामा समेत वृद्धि गरिएको छ।

## ९. क्षमता विकास तालिम र सेवा उपयोगी प्रवचन

(क) अदालतमा मुद्दाको फैसला लेखन कार्यमा प्रत्यक्ष संलग्न हुने इजलास अधिकृत, फाँट प्रमुख र कम्प्युटर अपरेटरहरूको ज्ञान, सिप र क्षमता विकास गर्नका लागि एक दिवसीय मुद्दाको टिपोट र फैसला लेखनसम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ।

(ख) मिति २०७९।०१।०४ मा अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलज्यूको अध्यक्षतामा विशेष अदालत र सर्वोच्च अदालतका सूचना प्रविधिशाखाका प्रतिनिधिबीच अदालतको सफ्टवेयर लगायतका सूचना प्रविधिको विषयमा छलफल भएको छ।

(ग) फैसला लेखन र प्रविधिको प्रोयगसमेतका विषयमा कर्मचारीका लागि क्षमता विकासका तालिम र क्रियाकलापहरू संचालन गरिएको थियो ।

(घ) अदालतमा कार्यरत राजपत्राङ्कित कर्मचारीहरूमध्ये जेष्ठताका आधारमा तीन जना (३) कर्मचारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत **आधारभूत सवारी साधन तालिम** प्रदान गरिएको ।

(ङ) डा. राजु अधिकारीद्वारा **सकारात्मक सोच र जीवनशैली विषयक प्रशिक्षण कार्यक्रम** मिति २०७९।३।३ मा सम्पन्न भएको।

(च) भाषाविज्ञ प्रशिक्षक श्री दीनदयाल रेग्मीद्वारा **कानूनी नेपाली भाषा विषयक दुई दिवसीय प्रशिक्षण कार्यक्रम** मिति २०७९।०३।०४ र ०५ मा सम्पन्न भएको छ। सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लले प्रमुख अतिथिको रूपमा उपस्थित भई कार्यक्रमको समुद्घाटन गर्दै निरीक्षण सहित निर्देशन गर्नुभएको थियो ।

(छ) सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठबाट सेवाग्राहीसँगको सम्बन्ध, उत्तरदायित्व र सकारात्मक सोच विषयक प्रशिक्षण कार्यक्रम मिति २०७९।०३।२४ मा सम्पन्न भएको छ ।

(ज) न्यायाधीश तथा कर्मचारीको क्षमता विकास गर्ने कार्य मिति २०७९/०४/३२ मा सम्पन्न गरिएको छ।

(झ) पत्रकारसँग अन्तर्क्रिया सहितको पत्रकार सम्मेलन मिति २०७९/०३/३१ मा सम्पन्न भएको छ।

## १०. बजेट विनियोजन निकासा र खर्चको विवरण

**आर्थिक अवस्थाको विश्लेषण**

बजेट विनियोजन निकासा र खर्चको विवरण

| विनियोजन | | निकासा | | खर्च | | कै. |
|---|---|---|---|---|---|---|
| चालु | पूँजीगत | चालु | पूँजीगत | चालु | पूँजीगत | |
| ५५८३१०० | ३६५००००० | ४४६६८२५५.२८ | ३५८६८४६२.६२ | ४४६६८२५५.२८ | ३५८६८४६२.६२ | |

## ११.समस्या, चुनौती र अवसरहरू

विश्वभर फैलिएको कोभिड- १९ को महामारीका कारण प्रतिवेदन वर्षमा पनि न्याय सम्पादनको कार्यमा लक्ष्यअनुरुप प्रगति हासिल हुन सकेन। सङ्क्रमण तीव्र रुपमा फैलिएका कारण स्थगन र सङ्कुचनसहित सेवा व्यवस्थापन गर्नुपर्दा न्यायपालिकाको चालु रणनीतिक योजना र वार्षिक कार्ययोजनाले लिएका लक्ष्य एवम् उद्देश्यहरू हासिल गर्न कठिनाई भयो। यसका अलावा करिब आठ महिना जति दरबन्दी बमोजिमका माननीय न्यायाधीशहरूको पदपूर्ति नहुँदा न्याय सम्पादनले गति लिन सकेन।

कोभिड- १९ लगायत अन्य विभिन्न किसिमका चुनौतीहरू थपिए तापनि ती चुनौतीहरूलाई विशेष अदालतले अवसरको रूपमा बदल्दै अदालत व्यवस्थापनका विभिन्न आयामहरूमा सूचना प्रविधिको प्रयोग र पहुँचलाई बढाइएको छ। विशेष अदालतका लागि पर्याप्त जनशक्ति व्यवस्थापन, जग्गा तथा भवन, सेवा प्रवाहका लागि पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था तथा स्रोत साधनको पर्याप्त उपलब्धता हुन सकेको छैन। नियमित न्यायिक संरचना अन्तर्गतका उच्च अदालतहरूमा रहेको दरबन्दीमा कार्यरत न्यायाधीशहरूबाट तदर्थ रुपमा सेवाप्रवाह हुँदै आएको छ। बजेट व्यवस्थापन, सफ्टवेयरहरूको सञ्चालन र मेसिनरी तथा सवारी साधनहरूको व्यवस्थापनमा समस्या रहेको छ। माथि उल्लेखित समस्या एवम् चुनौतीहरूको समाधानका लागि तालुक निकायहरूबाट आवश्यक पहलको अपेक्षा गरिएको छ।

**समाप्त**

# भाग - २

# अनुसूची-१

## निर्धारित फाराम बमोजिमको विवरणहरू

विशेष अदालतको बार्षिक प्रतिवेदन

फाराम नं. १

विशेष अदालत

मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण

आ.ब. २०७८।०७९ सालको बार्षिक प्रतिवेदन

| क.स. | विषय | लगत: जिम्मेवारी सरिआएको | | | | | | लगत | | फछ्र्यौटको अवधिगत वर्गिकरण | | | | | | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ महिनाभित्रको | ३ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिना भित्रको | १८ महिना देखि २ वर्षभित्रको | २ वर्षनाघेको | जम्मा | नयाँ दर्ता | जम्मा लगत | ३ महिनाभित्रको | ३ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिना भित्र | १८ महिना देखि २ वर्षभित्र | २ वर्ष नाघेर | जम्मा | ३ महिनाभित्रको | ३ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिना भित्रको | १८ महिना देखि २ वर्ष भित्रको | २ वर्ष नाघेको | जम्मा |
| क | शुरु मुद्दा | ५९ | ६७ | १८२ | १८७ | १६१ | ६५६ | १३५ | ७९१ | ३ | ० | ३९ | ६० | २३७ | ३३९ | ९१ | ३८ | ३६ | ३२ | २५६ | ४५३ |
| १ | नक्कली प्रमाणपत्र | १ | १ | ३० | १२ | २० | ६४ | ६ | ७० | १ | ० | ३ | ७ | १९ | ३० | ४ | १ | ० | ० | ३५ | ४० |
| २ | निर्णयगत (अनियमितता) | २३ | १४ | ५७ | ५१ | ७५ | २२० | ८७ | ३०७ | ० | ० | १ | २ | ३९ | ४२ | ६५ | २२ | २३ | १४ | १४१ | २६५ |
| ३ | गैरकानूनी सम्पत्ति | ० | ३ | १४ | ४ | ११ | ३२ | ७ | ३९ | १ | ० | ० | ० | ४ | ५ | ४ | २ | ० | ३ | २५ | ३४ |
| ४ | घुस/ रिसवत | २९ | ४१ | ७८ | ११६ | ४९ | ३१३ | ३२ | ३४५ | १ | ० | ३५ | ५१ | १७२ | २५९ | १६ | १२ | ७ | ६ | ४५ | ८६ |
| जम्मा | | ५३ | ५९ | १७९ | १८३ | १५५ | ६२९ | १३२ | ७६१ | ३ | ० | ३९ | ६० | २३४ | ३३६ | ८९ | ३७ | ३० | २३ | २४६ | ४२५ |
| ५ | सम्पति शुद्धिकरण | ६ | ८ | ३ | ४ | ६ | २७ | ३ | ३० | ० | ० | ० | ० | २ | २ | २ | १ | ६ | ९ | १० | २८ |
| ख | पुनरावेदन | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० |
| कूल जम्मा | | ५९ | ६७ | १८२ | १८७ | १६२ | ६५७ | १३५ | ७९२ | ३ | ० | ३९ | ६० | २३७ | ३३९ | ९१ | ३८ | ३६ | ३२ | २५६ | ४५३ |

नोटः कर्मचारीको नाम, थर र मोबाइनल नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।

वार्षिक प्रतिवेदन तयार गर्ने कर्मचारीको

नाम, थरः- रामकृष्ण शर्मा सापकोटा

पद/दर्जाः- ना.सु.

सम्पर्क मोवाइनल नं. ९८४७६३११८३

प्रमाणित गर्ने

फाराम नं. २

**विशेष अदालत**

**निवेदन प्रतिवेदन तथा फुटकर निवेदनहरुको लगत, फछ्र्यौट र बाँकीको विवरण**

**आ.ब. २०७८।०७९ सालको बार्षिक प्रतिवेदन**

| क्र.सं. | विषय | लगत | | | | | फछ्र्यौंटको अवधिगत वर्गिकरण | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरिआएको | | दुबैको जम्मा | नयाँ दर्ता | दुबैको जम्मा | | | | | | |
| | | १ महिना भित्रको | १ महिना नाघेको | | | | १ महिना भित्रको | १ महिना नाघेको | दुबैको जम्मा | १ महिना भित्रको | १ महिना नाघेको | दुबैको जम्मा |
| १ | उपस्थित हुने निवेदन | ० | ० | ० | ५०४ | ५०४ | १३२ | ५०४ | ० | ५०४ | ० | ० |
| २ | निवेदन | ० | ० | ० | २३३ | २३३ | १४ | २३३ | ० | २३३ | ० | ० |
| ३ | कैफियत प्रतिवेदन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | फुटकर निवेदन * | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | ० | ० | ० | ७३७ | ७३७ | १४६ | ७३७ | ० | ७३७ | ० | ० |

* फुटकर निवेदन भन्नाले इजलास समक्ष पेस हुने निवेदनहरुलाई मात्र जनाउने छ ।

फाराम नं. ३

**विशेष अदालत**

## (रणनीतिक योजनाको लक्ष्य १ रणनीतिक उद्देश्य १.१ (च) सँग सम्बन्धित)

**आ.ब. २०७८।०७९ सालको वार्षिक प्रतिवेदन**

| सि.नं. | विवरण | जिम्मेवारी तर्फको | | | नयाँ दर्ता तर्फको | | | दुबै तर्फको जम्मा | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | जिम्मेवारीतर्फ | नयाँ दर्तातर्फ | जम्मा |
| १ | शुरु मुद्दा | ६५६ | ६१२ | २५८ | १३५ | १७३ | ३ | ७९१ | ८३९ | ३३८ | ३२१ | १३२ | ४५३ |
| २ | पुनरावेदन | १ | १ | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| जम्मा | | ६५७ | ६१३ | २५९ | १३५ | १७३ | ३ | ७९२ | ८३९ | ३३९ | ३२१ | १३२ | ४५३ |

फाराम नं ४

विशेष अदालत

मुद्दाको लक्ष्य र प्रगतिको विवरण

आ.ब. २०७८।०७९ सालको वार्षिक प्रतिवेदन

अदालतको नामः विशेष अदालत

| सि.न. | महिना | कार्यदिन | लक्ष्य/प्रगति | लगततर्फ | | | बाँकी तर्फ | | | | | जम्मा बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जिम्मेवारी तर्फको | नयाँ दर्ता | जम्मा | ६ महिना भित्रको | ६-१२ महिनाभित्रको | १२-१८ महिना भित्रको | १८ महिनादेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | |
| १ | श्रावण | २७ | लक्ष्य | २० | ० | २० | ५५ | ६६ | १६० | १९६ | १७६ | ६५३ |
| | | | प्रगति | ६ | ० | ६ | | | | | | |
| २ | भाद्र | २५ | लक्ष्य | ५० | १६ | ६६ | ४१ | ७६ | ११६ | २१२ | २०८ | ६५३ |
| | | | प्रगति | ९ | ० | ९ | | | | | | |
| ३ | असोज | १६ | लक्ष्य | २० | ७ | २७ | ४७ | ७६ | ११६ | २१२ | २०६ | ६५७ |
| | | | प्रगति | २ | ० | २ | | | | | | |
| ४ | कात्तिक | २० | लक्ष्य | ४६ | १३ | ५९ | ३२ | ७६ | ११४ | १७७ | २५५ | ६५४ |
| | | | प्रगति | ५ | ० | ५ | | | | | | |
| ५ | मङ्सिर | २५ | लक्ष्य | ५९ | १५ | ७४ | ४३ | ६२ | १०७ | १६८ | २८३ | ६६३ |
| | | | प्रगति | ४ | ० | ४ | | | | | | |
| ६ | पुष | २६ | लक्ष्य | ६१ | १३ | ७४ | ३७ | ६१ | ७० | १७४ | ३२२ | ६६४ |
| | | | प्रगति | ७ | ० | ७ | | | | | | |
| ७ | माघ | २४ | लक्ष्य | ५१ | १८ | ६९ | ४४ | ५४ | ६६ | १५५ | ३५२ | ६७१ |
| | | | प्रगति | २ | ० | २ | | | | | | |
| ८ | फागुन | २४ | लक्ष्य | ४५ | २० | ६५ | ५८ | ५१ | ६० | ११३ | ३९८ | ६८० |
| | | | प्रगति | ४ | १ | ५ | | | | | | |
| ९ | चैत्र | २४ | लक्ष्य | ५३ | १८ | ७१ | ६५ | ४३ | ७४ | ९३ | ३६३ | ६३८ |
| | | | प्रगति | ५६ | ० | ५६ | | | | | | |
| १० | बैशाख | २४ | लक्ष्य | ७४ | २८ | १०२ | ७५ | ४६ | ६१ | १०० | ३२४ | ६०६ |
| | | | प्रगति | ४८ | ० | ४८ | | | | | | |
| ११ | जेठ | २५ | लक्ष्य | ८० | २५ | १०५ | ७८ | ५६ | ४६ | ६९ | २५६ | ५०५ |
| | | | प्रगति | ११६ | १ | ११७ | | | | | | |
| १२ | असार | २६ | लक्ष्य | ८२ | २५ | १०७ | ९१ | ३८ | ३६ | ३२ | २५६ | ४५३ |
| | | | प्रगति | ७८ | ० | ७८ | | | | | | |
| कूल जम्मा | | २८६ | लक्ष्य | ४०५ | १२० | ८३९ | ९१ | ३८ | ३६ | ३२ | २५६ | ४५३ |
| | | | प्रगति | ३३७ | २ | ३३९ | | | | | | |

फाराम नं. ५

विशेष अदालत

कार्यसम्पादनको विवरण

आ.ब. २०७८।०७९ सालको वार्षिक प्रतिवेदन

| क्र.सं | फैसला गर्ने न्यायाधीशको नाम | पेश भए को मुद्दा सँख्या | कसूर ठहर भई सजाय निर्धारणको लागि पठाएको संख्या | फैसला वा अन्तिम आदेश | | | | | | | | | | | | | | | जम्मा फैसला | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दावी पुग्ने | दावी नपुग्ने | आंशिक दावी पुग्ने | डिसमिस | मुलतवी | तामेली | खारेज | सदर | केही उल्टी | उल्टी | पुन निर्णय | फिर्ता | सरुवा | अन्य | जम्मा | म्यादभित्र | म्याद नाघेर |
| १ | श्री श्रीकान्त पौडेल | ८९६ | १ | २३ | १४६ | १६ | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १८७ | १ | १८६ |
| २ | श्री रमेश कुमार पोखरेल | ८७१ | ० | ५ | ८० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८७ | १ | ८६ |
| ३ | श्री यमुना भट्टराई | ८८१ | १ | १५ | ११५ | १५ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४६ | २ | १४४ |
| ४ | श्री शालिग्राम कोइराला | ८८६ | १ | १५ | १०२ | ७ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२५ | ० | १२५ |
| ५ | श्री बलभद्र बास्तोला | ८९१ | ० | १२ | १२१ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४३ | ३ | १४० |
| ६ | डा.श्री खुशी प्रसाद थारु | ८८८ | ० | १२ | १२१ | १० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १४४ | १ | १४३ |
| ७ | श्री अव्दुल अजिज मुसलमान | २०१२ | ० | १६ | १७ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३७ | १ | ३६ |
| ८ | श्री नित्यानन्द पाण्डेय | २०१२ | ० | १६ | १७ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३७ | १ | ३६ |
| **जम्मा** | | | | | | | | | | | | | | | | | | | | |

**नोटः** म्यादभित्र भन्नाले रणनीतिक योजनाको परिच्छेद ६ मा उल्लेखित मुद्दा छिन्नुपर्ने अवधिभित्रलाई जनाउँछ ।

फाराम नं. ६

# विशेष अदालत

## वयान वकपत्र तथा अन्य आदेश सम्बन्धी कार्यसम्पादनको न्यायाधीशगत विवरण

आ.ब. २०७८।०७९ सालको बार्षिक प्रतिवेदन

| क.सं. | न्यायाधीशको नाम | पेश भएको मुद्दा जम्मा | | | | | | | | | | | हाजिरी विवरण | | | | | कानून व्यवसायीले हटाएको संख्या | इजलासबाट नभ्याएको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बयान | बकपत्र | थुनछेक आदेश | म्याद थप | प्रारम्भिक सुनवाई | पूर्व सुनवाई | सजाय पूर्वका प्रतिवेदन पेश गर्न लगाउने | सजाय निर्धारण गर्न पठाउने आदेश | अन्य आदेश | **जम्मा** | हाजिरी दिन | सर्वजनिक बिदा | लिएको बिदा | work at home | काज | | |
| १ | श्री श्रीकान्त पौडेल | ८९६ | १६२ | २३९ | १६२ | ७ | ० | ० | १ | १ | ७० | ६४२ | ९७ | ३५ | ० | | ० | १६२ | ३९७ |
| २ | श्री रमेशकुमार पोखरेल | ८७१ | १०० | २१७ | १०० | ११ | ० | ० | ० | ० | ८१ | **५०९** | ८५ | ३५ | ८ | | ४ | ११४ | ३९८ |
| ३ | श्री यमुना भट्टराई | ८८१ | १५८ | २२६ | १५८ | ८ | ० | ० | १ | १ | ६० | ६१२ | ९० | ३५ | ३ | | ४ | १२६ | ४०१ |
| ४ | श्री शालिग्राम कोइराला | ८८६ | १२१ | २२३ | १२१ | ९ | ० | ० | १ | १ | ६७ | **५४३** | ९० | ३५ | २ | | ५ | १३८ | ४०७ |
| ५ | श्री बलभद्र बाँस्तोला | ८९१ | १०७ | २२५ | १०७ | ६ | ० | ० | ० | ० | ८७ | **५३२** | ९१ | ३५ | ४ | | २ | १२३ | ३८७ |
| ६ | डा.श्री खुशी प्रसाद थारु | ८८८ | १४७ | २२६ | १४७ | ११ | ० | ० | ० | ० | ७५ | ६०६ | ९७ | ३५ | ० | | ० | १११ | ३९० |
| ७ | श्री अव्दुल अजिज मुसलमान | २०१२ | २४४ | ७२७ | २४४ | ३५ | ० | ० | ० | ० | १४३ | **१३९३** | १७५ | ५५ | ४ | | ० | २०५ | ११४८ |
| ८ | श्री नित्यानन्द पाण्डेय | २०१२ | २४४ | ७२७ | २४४ | ३५ | ० | ० | ० | ० | १४३ | **१३९३** | १७६ | ५५ | ३ | | ० | २०५ | ११४८ |
| | | | | | | | | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | | | | | | | | |

**नोटः**

१. प्रस्तुत फाराम भर्दा चालु आर्थिक वर्षमा प्रतिवेदन गरिने महिनाको अन्त्यसम्म भएको कार्य प्रगतिको आधारमा सम्बन्धित न्यायाधीशको समष्टिगत तथ्याङ्क उल्लेख गर्नुपर्दछ ।

फाराम नं. ७

विशेष अदालत

फैसला तयारी सम्बन्धी विवरण

आ.ब. २०७८।०७९ सालको बार्षिक प्रतिवेदन

| क.सं. | फैसला गर्नेको नाम | तयार गर्नुपर्ने फैसला संख्या | | | तयार भएको फैसला संख्या | | | तयार हुन बाँकी फैसला सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरिआएको | यस बर्षको फैसला | जम्मा | २१ कार्यदिनभित्र | २१ कार्यदिन बाहिर | जम्मा | २१ कार्यदिनभित्र | २१ कार्यदिन बाहिर | जम्मा |
| १ | इजलाश नं. १ | ४ | २२४ | २२८ | ३० | १११ | १४१ | ४५ | ३८ | ८३ |
| २ | इजलाश नं २ | ५ | ११५ | १२० | २६ | ३४ | ६० | ३० | २५ | ५५ |
| जम्मा | | ९ | ३३९ | ३४८ | ५६ | १४५ | २०१ | ७५ | ६३ | १३८ |

फैसला तयार गर्न बाँकी सबैभन्दा पुरानो मुद्दा र फैसला मितिः हिनामिना

फाराम नं. ८

विशेष अदालत

थुनुवा मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण

## आ.व. २०७८/०७९ सालको वार्षिक प्रतिवेदन

| क.सं. | मुद्दा | थुनुवा भएका मुद्दाको लगत | | | | थुनुवा भएका मुद्दाको फछ्र्यौट सङ्ख्या | | | | | थुनुवा भएका मुद्दाको बाँकी सङ्ख्या | | | | | | हाल कायम थुनुवा सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | स्वदेशी | | | विदेशी | | |
| | | जिम्मेवारी सरिआएको | नयाँ दर्ता | जम्मा | ६ महिनाभित्रको | ६ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिना भित्रको | १८ महिना देखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा | ६ महिनाभित्रको | ६ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिना भित्रको | १८ महिना देखि २ वर्ष भित्रको | २ वर्ष नाघेको | जम्मा | बालबालिका | बालिग महिला | बालिग पुरुष | महिला | पुरुष | जम्मा |
| १ | नक्कली प्रमाणपत्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | निर्णयगत | १२ | १ | १३ | ० | ० | ० | ० | ६ | ६ | ० | १ | ० | ३ | ४ | ८ | ० | १ | ८ | ० | ० | ९ |
| ३ | गैरकानूनी सम्पत्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | सम्पति शुद्धीकरण | १० | २ | १२ | ० | ० | ० | ० | २ | २ | १ | | ० | ३ | ५ | ९ | ० | ० | १० | ० | ६ | १६ |
| ५ | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | २२ | ३ | २५ | ० | ० | ० | ० | ८ | ८ | १ | १ | ० | ६ | ९ | १७ | ० | १ | १८ | ० | ६ | २५ |

**फाराम नं. ९**

**विशेष अदालत**

**मुद्दाको अङ्ग पुऱ्याउने कार्यको विवरण**

**आ.व. २०७८/०७९ सालको वार्षिक प्रतिवेदन**

रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री

| सुपरीवेक्षकको नाम | जम्मा मुद्दाको लगत | | | हालसम्म अङ्ग पुगेका जम्मा मुद्दा सङ्ख्या | | | फैसला नभएको अङ्ग पुगेको बाँकी मुद्दा संख्या | अंग नपुगेको मुद्दा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| शाखा अधिकृत भुपेन्द्र उपाध्याय | जिम्मेवारी सरेको मुद्दा संख्या | नयाँ दर्ता भएको मुद्दा संख्या | जम्मा लगत | ३ महिना भित्र अंग पुगेको | ३ महिना नाघेर अंग पुगेको | जम्मा | | |
| मुद्दा फैसलाको लागि अंग पुऱ्याउने | ६५७ | १३५ | ७९२ | १६० | ४८१ | ६४१ | ३०२ | १५१ |
| जम्मा | ६५७ | १३५ | ७९२ | १६० | ४८१ | ६४१ | **३०२** | **१५१** |

फाराम नं. १०

**विशेष अदालत**

**मिसिलको आन्तरिक निरीक्षणको विवरण**

**आ.ब. २०७८।०७९ सालको बार्षिक प्रतिवेदन**

| सुपरीवेक्षक | नतिजा परिसूचक | विवरण | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शाखा अधिकृत भुपेन्द्र उपाध्याय | १ पटक | लक्ष्य | ८७ | ८१ | ५१ | ६५ | १०० | ८४ | ७८ | ७८ | ७८ | ७८ | ८१ | ६९ | ९३० |
| | | प्रगति | २५ | ५० | ४० | ५५ | ८५ | ७९ | २० | ५६ | ५८ | ५२ | ६० | ६० | ६४० |
| | २ पटक | लक्ष्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | प्रगति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | | २५ | ५० | ४० | ५५ | ८५ | ७९ | २० | ५६ | ५८ | ५२ | ६० | ६० | ६४० |

फाराम नं. ११

**विशेष अदालत**

**निरीक्षण निर्देशन कार्यान्वयन सम्बन्धी विवरण**

**आ.ब. २०७८।०७९ सालको वार्षिक प्रतिवेदन**

| क्र.सं. | गत वर्षको कार्यान्वयन गर्न बाँकी निर्देशन सङ्ख्या | यस वर्षको निर्देशन सङ्ख्या | जम्मा निर्देशन सङ्ख्या | यस वर्ष कार्यान्वयन भएको निर्देशन सङ्ख्या | कार्यान्वयन गर्न बाँकी निर्देशन सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | |

कार्यान्वयन नभएका मुख्य निर्देशनहरुः

१

२

३

निर्देशन कार्यान्वयन नहुनुका कारणहरु

१

२

३

**फाराम नं. १२**

**विशेष अदालत**

**मुलतवी मुद्दाको विवरण**

**आ.व.२०७८/०७९ सालको वार्षिक प्रतिवेदन**

| क्र.सं. | मुलतवीको किसिम | मुलतवीको लगतको सङ्ख्या | | | | मुलतवी जागेको सङ्ख्या | | | मुलतवी जगाउन बाँकी सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस आ.व.को | | जम्मा लगत | गत महिनासम्मको | यो महिनाको | जम्मा | १ वर्ष भित्रको | १ वर्षदेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा |
| | | | गत महिनासम्मको संख्या | यस महिनाको संख्या | | | | | | | | |
| १ | अ.वं. १२ नं. | ५ | ० | १ | ६ | ० | ० | ० | १ | ० | ५ | ६ |
| २ | अ.वं. १९० नं. | ० | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | फौजदारी कार्यविधी संहिताको दफा ९७ बमोजिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | फौजदारी कार्यविधी संहिताको दफा ९८ बमोजिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | अन्य | १ | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | १ |
| जम्मा | | ६ | ० | १ | ७ | ० | ० | ० | १ | १ | ५ | ७ |

**नोटः थान-३ सर्वोच्च अदालतमा विचाराधिन रहेको, थान-२ मुद्दा भक्तपुर जिल्ला अदालतमा बाँकि देखिएको र थान-१ यस बर्ष मुलतबी रहेको ।**

## फाराम नं. १३

## विशेष अदालत

## बजेट विनियोजन निकासा र खर्चको विवरण

## आ.ब. २०७८/७९ को वार्षिक प्रतिवेदन

| विनियोजन | | निकासा | | खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु | पूँजीगत | चालु | पूँजीगत | चालु | पूँजीगत | |
| ५५८३१००० | ३६५००००० | ४४६६८२५५/२८ | ३५८६८४६२/६२ | ४४६६८२५५/२८ | ३५८६८४६२/६२ | |

## फाराम नं. १४

## विशेष अदालत

## अदालतको धरौटीको विवरण

## आ.ब. २०७८/७९ को वार्षिक प्रतिवेदन

| धरौटी | | | यस आर्थिक बर्षमा | | बाँकी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| गत आ. व.को | यस आ. व.को | जम्मा | फिर्ता भएको | जफत भएको | | |
| ५३८२५५३४५/६९ | ९२००३९१३/०४ | ६३०२५९२५८७३ | १०८०७५३० | १५९५०० | ६१९२९२२२८७३ | |

## फाराम नं. १५

## विशेष अदालत

## अदालतको राजश्वको विवरण

## आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन

| न्यायिक दस्तुर | जरिवानाबाट | अन्यबाट | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ४६६७७० | ७२५९६०४/९४ | १६७२२१ | ७८९३५९५/९४ | |
| | | | | |

## फाराम नं. १६

## विशेष अदालत

## अदालतको अचल सम्पतिको विवरण

## आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन

| जग्गाको क्षेत्रफल | स्वमित्व भएको भवन | | भाडाको भवन | | भाडाको कोठा सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कार्यालय | निवास | कार्यालय | निवास | कार्यालय | निवास | |
| | वन विभागको भवनमा रहेको आफ्नो भवन र जग्गा समेत नरहेको, हाल सोही जग्गामा आफैले एउटा नयाँ भवन समेत निर्माण गरेको | | | | | | |

## फाराम नं. १७
## अदालतको भौतिक सामानको विवरण
## आ.ब. २०७८/०७९ सालको वार्षिक प्रतिवेदन

| विवरण | सवारी साधन सँख्या | | दुई पाँग्रे साधन | | | कम्प्युटर | | प्रिन्टर | स्क्यानर | टेलिफोन | प्रोजेक्टर | डिस्प्ले टि.भी | सोलार | फोटोकपी | जेनेरेटर | ए.सी | नेटवर्किङ | इन्टरनेट | पुस्तक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार | जीप | मोटरसाइकल | स्कुटर | साइकल | डेस्कटप | ल्यापटप | | | | | | | | | | | | | |
| चालु अवस्थाका | २ | ० | २ | १ | ० | ३९ | ६ | २२ | ७ | २८ | १ | ६ | १ | २ | ० | ६ | १ | २ | ४०३० | |
| मर्मत गर्नुपर्ने | १ | ० | २ | ० | ० | १० | ० | १० | ० | ० | ० | ० | १ | १ | १ | ४ | ० | ० | ० | |
| काम नलाग्ने | ० | १ | १ | ० | २ | १३ | ३ | १ | ० | १० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | |
| जम्मा | ३ | १ | ५ | १ | २ | ६२ | ९ | ३३ | ७ | ३८ | १ | ६ | २ | ३ | १ | १२ | १ | २ | ४०३० | |

नोटः-इ-हाजिरी २ थान, सिसिटिभि थान-२६ रहेको ।

फाराम नं. १८

# विशेष अदालत

## अभिलेखसम्बन्धी विवरण

आ.ब. २०७८।०७९ सालको वार्षिक प्रतिवेदन

| गतवर्ष सम्मको मिसिल संख्या | यो बर्ष थप मिसिल संख्या | जम्मा मिसिल संख्या | कम्प्यूटरमा इन्ट्री भएको मिसिल संख्या | कम्प्यूटरमा इन्ट्री नभएको मिसिल संख्या | दराजमा राखिएको मिसिल संख्या | दराज बाहिर रहेको मिसिल संख्या | अभिलेख रहेको शुरुको बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३१६६ | २०० | ३३६६ | १५७० | १७९६ | ३००० | ३६६ | दर्ता मिति २०५७।११।११ देखि फैसला मिति २०५८।१।११ देखि | |
| | | | | | | | | |

फाराम नं. १९

विशेष अदालत

आर्थिक वर्षको अन्त्यमा बाँकी मुद्दाको सालवसाली विवरण

आ. ब. २०७८/०७९ सालको वार्षिक प्रतिवेदन

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०७४/७५ भन्दा अगाडिको | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | |
| १ | मुद्दा | १२ | ६४ | १८० | ६८ | १२९ | ४५३ |
| जम्मा | | १२ | ६४ | १८० | ६८ | १२९ | ४५३ |

नोटः यस फाराम विवरण भर्दा चालू आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका मुद्दा तथा रिटहरुको दर्ता भएको आर्थिक वर्षको आधारमा वर्गिकरण गरी सम्बन्धित आर्थिक वर्षको महलमा संख्या उल्लेख गर्नु पर्नेछ।

# फाराम नं.२० विशेष अदालत अदालतमा रहका जनशक्तिको विवरण

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन

| सेवा समूह | पद | श्रेणी | दरवन्दी | स्थायी पदपूर्ति | | करार पदपूर्ति | जम्मा | रिक्त | काजमा गएको | काजमा आएको | पदपूर्तिको बर्गिकृत विवरण (स्थायी, करार र काजबाट) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | | | | | महिला | आदिवादी/जनजाती | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
| न्याय | अध्यक्ष/सदस्य | - | ६ | ५ | १ | ० | ६ | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० |
| | रजिस्ट्रार | रा.प.प्रथम | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | उपरजिस्ट्रार | रा.प.द्वितीय | २ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | शाखा अधिकृत | रा.प.तृतीय | १० | ६ | १ | ० | ७ | ३ | ० | ० | १ | १ | ० | १ | ० | १ |
| | ना.सु | रा प अ.प्रथम | १९ | ९ | ३ | १ | १३ | ७ | ० | २ | ५ | ० | ० | ० | ० | ० |
| | डिठ्ठा | रा.प. अ. द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तामेलदार | रा.प.अ. द्वितीय | ४ | १ | ० | १ | २ | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० |
| | | रा.प. अ तृतीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लेखा | लेखा अधिकृत | रा.प. तृतीय | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | लेखापाल | रा.प अ.प्रथम | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सह लेखापाल | रा.प. अ. द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कम्प्यूटर अपरेटर | अधिकृत | रा.प. तृतीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ना.सु | रा.प. अ.प्रथम | २ | ० | १ | २ | ३ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० |
| | खरिदार | रा.प.अ. द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अन्य (प्राविधिक समेत) | सूचना/प्रविधि | रा.प. तृतीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पुस्तकालय | रा.प.अ.प्रथम | १ | ० | ० | १ | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० |
| | सर्भेक्षक | रा.प.अ.प्रथम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सूचनासहायक | रा.प.अ.प्रथम | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अमिन | रा.प. अ. द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | इलेक्ट्रिसियन | रा.प.अ.प्/ द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | हलुका सवारी चालक | ह.स.चा | २ | २ | ० | ० | २ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| | कायालय सहयोगी | का.स | ५ | २ | १ | ५ | ८ | २ | ० | ० | ३ | ५ | ० | ० | ० | ० |
| जम्मा | | | ५५ | २९ | ७ | १० | ४६ | १८ | १ | ८ | ११ | ८ | ० | १ | ० | १ |

नोटः पदपूर्ति सङ्ख्या उल्लेख गर्दा काजमा अन्य अदालतमा गएको र अध्ययन विदामा रहेको कर्मचारीको संख्या उल्लेख गर्ने। साथै अन्य अदालतबाट काजमा रहेको र करारमा नियुक्त कर्मचारीलाई पदपूर्तिको सङ्ख्यामा समावेश नगर्ने। पदपुर्ती महलमा हाल कार्यरत महिला र पुरुष कर्मचारीहरुको सङ्ख्या उल्लेख गर्नुपर्नेछ।

मिति २०७९ साल साउन १५ गते आइतबारका दिन अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलज्यूको अध्यक्षतामा बसेको विशेष अदालतका माननीय न्यायाधीशहरूको पूर्ण बैठक बसी देहायबमोजिम निर्णय गरियो।

**उपस्थिति**

१. मा.न्या. श्री श्रीकान्त पौडेल

२. मा.न्या. श्री रमेशकुमार पोखरेल

३. मा.न्या. श्री यमुना भट्टराई

४. मा.न्या. श्री शालिग्राम कोइराला

५. मा.न्या. श्री बलभद्र बास्तोला

६. मा.न्या. डा. श्री खुशीप्रसाद थारु

७. रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री

**आमन्त्रित**

१. उपरजिस्ट्रार श्री दिपेन्द्रनाथ योगी
२. उपरजिस्ट्रार श्री नारदप्रसाद भट्टराई

**प्रस्तावहरू:**

१. आ.व. २०७९/८० को वार्षिक कार्ययोजना र २०७८/७९ को वार्षिक प्रतिवेदन सम्बन्धमा।
२. विविध।

**निर्णयहरू:**

१. न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना एवम् सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाबाट प्राप्त निर्देशनबमोजिम यस अदालतको वार्षिक कार्ययोजनाको निर्माणका लागि यस अदालतका सदस्य माननीय न्यायाधीश श्री रमेशकुमार पोखरेलको संयोजकत्वमा गठित योजना तर्जुमा समितिबाट पेस हुन आएको विशेष अदालतको आ.व. २०७९/८० को कार्य योजनाको मस्यौदा पेस भई छलफल गरियो। तत्सम्बन्धमा वार्षिक कार्ययोजनाले निर्धारण गरेका वार्षिक तथा मासिक लक्ष्यबमोजिम कार्य सम्पादन गर्ने प्रतिबद्धताका साथ पेस भएको वार्षिक कार्ययोजना २०७९ साउन १ गतेदेखि लागू हुनेगरी परिमार्जनसहित पारित गरी सम्मानित सर्वोच्च अदालतमा पठाउने ।

२. यस अदालतको आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदनको मस्यौदा पेस भई छलफल गरियो। सो सम्बन्धमा प्रतिवेदनलाई परिमार्जनसहित पारित गरी सम्मानित सर्वोच्च अदालतमा पठाउने।